# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बडीडाँडा, प्युठान

५ नं प्रदेश, नेपाल ।

प.स.- ०७५।०७६

च.नं.- १००१

मितिः-२०७६।१।२

विषयः-निर्णयको प्रतिलिपि पठाईएको।

श्री वडा कार्यालय (सबै)

सरुमारानी गाउँपालिका।

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७५।१२।२२ गते बसेको बैठकको निर्णयको प्रतिलिपि पाना-४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

अमरवहादुर वली

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्रीमान् अध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)

श्रीमान् उपाध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, सरुमारानी गाउँपालिका-उक्त निर्णय सरुमारानी गाउँपालिको वेभसाईटमा अपलोड गर्नुहुन ।

श्री शाखा/ईकाई (सबै), सरुमारानी गाउँपालिका, आवश्यक कार्यर्थ ।

१-आर्थिक सहायता सम्वन्धमा।

य नं. १-देहायका संस्था र व्यक्तिलाई तपसिल वमोजिमको शिर्षकको निम्न वमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क.स. | व्यक्ति/संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| 1 | अन्तर पार्टी महिला सञ्जाल, जिल्ला कमिटि प्यूठान | रू. ५,०००।- | अन्य संस्थालाइ अनुदान |

प्रस्ताव नं. २-मर्मत सम्भार कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. २-मर्मत सम्भार कोषवाट देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) जस्पुर गोलधारा मोटर बाटो निर्माण थप- रू ३०,०००।- (अक्षेरूपी तिस हजार मात्र )

ख) प्रहरी चौकी शौचालय रू २२,५००।- (अक्षेरूपी बाईस हजार पाँच सय मात्र )

ग) खड्ग प्रा.वि. झिलिवाङ मोटर खरिद- रू ३०,०००।- (अक्षेरूपी तिस हजार मात्र )

घ) किमिचौर दह संरक्षण- रू १,५०,०००।- (अक्षेरूपी एक लाख पचास हजार मात्र )

प्रस्ताव नं. ३-व्यसाय दर्ता शिविर संचालन सम्वन्धमा।

निर्णय नं. ३-यस गाउँपालिकामा वडाहरुमा व्यवसाय दर्ता कार्य संचालन गरी आन्तरिक राजश्व वृद्धि गर्न देहाय वमोजिम स्थानमा देहायको मितिमा व्यवसाय दर्ता शिविर संचालन गर्ने र उक्त कार्यको लागि स्वास्थ्य सह संयोजक, सम्वन्धीत वडामा कार्यरत सामाजिक परिचालक र प्रशासन सहायकलाई खटाउने निर्णय गरियो ।साथै व्यवसाय दर्ताको निमित्त आवश्यक सहयोग एवं समन्वयको लागि उद्योग वाणिज्य संघ, वडडाँडा ईलाका कार्यालयलाई जानकारी गराउने निर्णय गरियो ।

| क.स. | मिति | स्थान |
|---|---|---|
| १ | २०७६।१।९ | १ नं. वडा कार्यालय |
| २ | २०७६।१।१० | २ नं. वडा कार्यालय |
| ३ | २०७६।१।११ | ३ नं. वडा कार्यालय |
| ४ | २०७६।१।१२ | ५ नं. वडा कार्यालय |
| ५ | २०७६।१।१३ | ४ नं. वडा कार्यालय |
| ६ | २०७६।१।१५ | ६ नं. वडा कार्यालय |

प्रस्ताव नं. ४-नदीजन्य पदार्थ उत्खनन सम्वन्धमा।

निर्णय नं. ४-यस गाउँपालिकामा निर्माण सामग्रीका रुपमा ढुंगा, ग्राभेल वालुवा, गिट्टी लगायतका नदीजन्य पदार्थ IEE प्रतिवेदनका आधारमा निकासी संकलन गर्न राष्ट्रपति चुरे संरक्षण विकास समितिसँग सहमति माग गरिएकोमा उक्त समितिवाट जिल्ला समन्वय समितिको अनुगमनको रिपोर्ट माग भै आएको सन्दर्भमा हाल नदीजन्य पदार्थको ठेक्का वन्दावस्त गर्न संभव नभएको हुँदा उक्त कार्य ५ नं. प्रदेशको दररेट वमोजिम हाललाई अमानतवाट गर्ने र जसको लागि सरुमारानी गाउँपालिकालाई उठेको राजश्व रकमको २५ प्रतिशत पारिश्रमिक ज्यालादारीका रुपमा काम गर्ने व्यक्तिलाई तोकिएका सर्तहरुको अधिनमा रही दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५-योजनाको पेश्की रकम सम्वन्धमा।

निर्णय नं. ५-यस गाउँपालिका भित्र सम्पन्न गर्नुपर्ने देहाय वमोजिमका योजनाहरुमा मात्र धरौटी नराखेता पनि २०

ख) दानसिं मान्द्रे लिफ्ट खानेपानी तथा सरसफाई योजना

ग) सामुदायिक स्वास्थ्य ईकाई, तिराम

घ) सामुदायिक स्वास्थ्य ईकाई, ददेरी

ङ) मदन आश्रित पार्क निर्माण

च) दर्भान मैदान वर्नविर मोटरवाटो

छ) जनता मा.वि. भवन तला थप

ज) पालुपधेरा लिफ्ट खानेपानी योजना क्रमागत

झ) रानीकुवा थोग तथा शान्ति ब्राउं निर्माण योजना

प्रस्ताव नं. ६-सरुमारानी सन्देश प्रकाशन सम्वन्धमा।

निर्णय नं. ६-मिति २०७५।१२।३ गतेको गाउँकार्यपालिकाको वैठकवाट २०७६ वैशाख महिना देखि मासिक मुखपत्रको रुपमा सरुमारानी सन्देश प्रकाशन गर्ने निर्णय भएकोमा उक्त मुखपत्रको औपचारिक सार्वजनिकीकरण २०७६ बैशाख महिना भित्र गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७-आधारभुत सिलाई कटाई तालिम संचालन सम्बन्धमा ।

निर्णय नं. ७-सरुमारानी गाउँपालिकाको आ.ब. २०७५/०७६ को स्विकृत वार्षिक कार्यक्रम वमोजिम उद्यमशिलता तालिम अन्तरगत आधारभूत सिलाई कटाई तालिम अन्तरगत विनियोजित रकमवाट देहाय वमोजिम सिलाई कटाई तालिम संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | विनियोजित रकम रु. | वडा नं. | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | ९०,०००।- | ४ | ८०,०००।- |
| २ | ९०,०००।- | ५ | ८०,०००।- |
| ३ | ८०,०००।- | ६ | ८०,०००।- |

प्रस्ताव नं. ८-सरुमारानी गाउँपालकाको वास प्लान तयार गर्ने सम्बन्धमा ।

निर्णय नं. ८-सरुमारानी गाउँपालिकाको खानेपानी तथा सरसफाई सम्वन्धी वास प्लान यही २०७६ असार मसान्तसम्म तयार गर्ने र सो को जिम्मा सरसफाई अभियानकर्ता रविन गौतमलाई दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९-सरुमारानी गाउँपालकाको विपद प्रतिकार्य योजना तयार गर्ने सम्बन्धमा ।

निर्णय नं. ९-सरुमारानी गाउँपालिकाको विपद जोखिम न्यूनिकरण गर्न विपद प्रतिकार्य योजना यही २०७६ असार मसान्तसम्म तयार गर्ने र प्रत्येक वडावाट ४ जनाका दरले विपद् स्वयमसेवकहरुलाई यही महिनाको मसान्तदेखि तालिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।सो कार्यक्रमको लागि आवश्यक रकम विपद व्यवस्थापन कोषवाट खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०-स्थानीय निर्देशक समिति गठन सम्बन्धमा ।

निर्णय नं. १०-रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम १४ वमोजिम नागरिकको रोजगारीको हक संरक्षण सम्वन्धी कामको लागि देहाय वमोजिमको स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष-झग बहादुर विश्वकर्मा

उपाध्यक्ष-मिना कुमारी सोमै मगर

सदस्य-भिम बहादुर मर्सांगी मगर

सदस्य-सन्त बहादुर वराल मगर

प्रस्ताव नं. ११-उद्यमशिलता अन्तरगतको कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. ११-मिति २०७५।१०।२५ गतेको गाउँ कार्यपालिकाको वैठक वमोजिम निर्णय भएको देहायको उद्यमशिलता कार्यक्रम देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क.स. | कार्यक्रमको नाम | संशोधित कार्यक्रम | रकम रु |
|---|---|---|---|
| १ | स्टील दराज मर्मत तालिम | व्युटी पार्लर तालिम | १,२०,०००।- |

प्रस्ताव नं. १२-वडा नं. ६ को कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णय नं. १२-सरुमारानी गाउँपालिकाको आ.व. २०७५/०७६ को स्विकृत वार्षिक कार्यक्रम वमोजिम विषयगत शिर्षक लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तरगत देहायको कार्यक्रम देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क.स. | कार्यक्रमको नाम | संशोधित कार्यक्रम | रकम रु |
|---|---|---|---|
| १ | दलित तथा गैर दलित विचको विभेद विरुद्धको कार्यक्रम | दलित सचेतना कार्यक्रम | २०,०००।- |
| २ | वडा स्तरीय महिला सहकारी गठन तथा सहकारी शिक्षा तालिम | वडा स्तरीय सहकारी गठन तथा सहकारी शिक्षा तालिम | २५,०००।- |

प्रस्ताव नं. १३-किसानसँग गाउँ सरकार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. १३-सरुमारानी गाउँपालिकाको आ.व. २०७५/०७६ को स्विकृत वार्षिक कार्यक्रम वमोजिम किसानसँग गाउँ सरकार कार्यक्रम वमोजिमका सिंचाईका लागि आवश्यक पाईप तथा मोटर खरिद र विपन्न परिवार वाखा खोर निर्माण अनुदान कार्यक्रमका लागि सबै वडा कार्यालयहरुलाई यथाशिघ्र माग संकलन गरी गाउँ कार्यपालिकामा पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४-सरुमारानी गाउँपालिकाको कृषि पकेट तथा व्लक संचालन सम्वन्धी कार्यविधि,२०७५ स्विकृति सम्बन्धमा ।

निर्णय नं. १४-सरुमारानी गाउँ कार्यपालिकाको वैठकमा पेश भएको सरुमारानी गाउँपालिकाको कृषि पकेट तथा व्लक संचालन सम्वन्धी कार्यविधि,२०७५ स्विकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५-सरुमारानी गाउँपालिकाको सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि संशोधन सम्वन्धमा।

निर्णय नं. १५-गाउँ कार्यपालिकाको बैठकमा पेश भएको सरुमारानी गाउँपालिकाको मर्मत संभार कोष कार्यविधि, २०७५ देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

कार्यविधिको परिच्छेद चार दफा ४ को उपदफा ४.४ पछि देहायको उपदफा ४.५ र ४.६ थप गर्ने-

४.५ "यस कार्यविधि अनुसार सञ्चालन हुने योजना तथा कार्यक्रममा सामुदायिक वन उपभोक्ता समुहहरुवाट निश्चित प्रतिशत रकम नगर्दै सहभागिता हुने भएकोले थप जनसहभागिता गराउन बाध्यकारी हुने छैन् "

४.६ "माथि ४.४ अनुसारको योजनाहरुको कन्टेन्जेन्सी कट्टी गर्दा गाउँपालिकावाट विनियोजित रकमवाट मात्र गरिनेछ ।

प्रस्ताव नं. १६-जि.स.स. मौज्दात कोष कार्यक्रमको लागि योजना छनौट सम्वन्धमा।

निर्णय नं. १६-जिल्ला समन्वय समितिको मौज्दात कोषवाट साझेदारीमा संचालन हुने योजनाका लागि देहाय वमोजिम योजनाको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क. वडा कार्यालय भवन निर्माण ५ नं. वडा- रु .२५,००,०००।-

ख. वडा कार्यालय भवन निर्माण ६ नं. वडा- रु .२५,००,०००।-

प्रस्ताव नं. १७-रक्तसंचार सेवा संचालनार्थ आर्थिक सहयोग सम्वन्धमा।

निर्णय नं. १७-नेपाल रेडक्रम सोसाईटी जिल्ला शाखा प्युठानले संचालन गर्ने रक्त संचार सेवा संचालनका लागि मालपोत रजिष्ट्रेशनवाट रकम प्राप्त भएपछी रु. १,००,०००।— (अक्षेरुपी एक लाख) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८-रकमान्तर गर्ने सम्वन्धमा।

निर्णय नं. १८-यस गाउँपालिकाका देहायका खर्च शिर्षकमा रकम अपुग भएकोले तलव खर्च शिर्षकवाट देहाय वमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| क्र.स. | रकमान्तर हुने शिर्षक | रकमान्तर गरिएको शिर्षक | रकम रु. |
|---|---|---|---|
| १ | तलव | घर भाडा | ५,००,०००।— (पाँच लाख) |
| २ | तलव | अन्य भाडा | ५,००,०००।— (पाँच लाख) |
| ३ | तलव | पोशाक | ३,००,०००।— (तिन लाख) |
| ४ | तलव | अन्य संस्थालाई सहयोग | २,००,०००।— (दुई लाख) |
| ५ | तलव | कार्यालय संचालन | ५,००,०००।— (पाँच लाख) |

प्रस्ताव नं. १९-विद्यालय संचालन अनुमति सम्वन्धमा।

निर्णय नं. १९-सरुमारानी गाउँपालिका वडा नं. ४ मा रहेको श्री शिवशक्ति वालविकास केन्द्रलाई कक्षा १ मा स्तरोन्ती गर्न सबै पूर्वाधार पुरा गरेको देखिएकोले शैक्षिक सत्र २०७६ देखि कक्षा १ संचालन गर्न अनुमति दिने निर्णय गरियो ।